बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
**सिन्धुली**

# धानको पात बेरुवा (Leaf roller):

पहिचानः हल्का खैरा रंगका वयस्क पुतली हुन्छन् । पखेटामा दुई वटा बाङ्गाटिङ्गा धर्साहरु हुन्छन् । लार्भाहरु हल्का हरियो रंगका हुन्छन् ।

क्षतिको लक्षणः लार्भाले पातलाई बेरेर भित्र पट्टी बसी पातको हरियो पदार्थ खाइदिन्छन र पातहरु सुक्दछन् ।

व्यवस्थापनका विधिहरुः

- ✓ धान रोप्ने बेलामा स्वास्थ्य र बलिया बेर्ना मात्र रोप्ने ।
- ✓ नाइट्रोजन मलको उचित प्रयोग गर्ने ।
- ✓ खेतो राम्रोसंग गोडमेल गर्ने ।
- ✓ काडेंदार डोरी लिइ दुबै छेउमा समातेर खेतको दुइ छेउमा बस्ने र धानलाई छुवाएर क्रमशः विपरित दिशातिर जाने । यसो गर्नाले धानको पातमा रहेका पात बेरुवाका लार्भाहरु पानीमा खसेर नष्ट हुन्छन् ।
- ✓ कार्टाप हाइड्रोक्लोराइड ४% जि आर (जस्तै अनुदान, विदान, कीटाप) १ मिलि वा लाम्डासाइहालोथ्रिन ५% इ सी (जस्तै एजेन्टप्लस) ०.५ मिलि वा अजाडीराक्टिन ०.१५ % (जस्तै मल्टिनिम, निकोनिम) ३-५ मिलि प्रति लिटर पानीमा मिसाइ छर्ने ।



चित्रः धानको पात बेरुवाको लार्भा र क्षति